नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रामेछाप

पत्र संख्याः- ०७६/७७
चलानी नं.:-

## सूचना

कोभिड-१९ को जोखिमबाट नागरिकको जीवन रक्षा गर्ने प्रयोजनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/०९ गतेको निर्णयले मिति २०७६/१२/११ गते देखि लागुहुने गरी जारी गरिएको बन्दाबन्दी (Lockdown) को आदेश परिवर्तित रुपमा हाल कायमै रहेको छ ।

नागरिकको दैनिक जनजीवनलाई सहज बनाउन, सार्वजनिक सेवा प्रवाह व्यवस्थित गर्न, आर्थिक क्रियाकलापहरु सुचारु गर्न, कृषि, उद्योग, सेवा, व्यवसाय संचालन गर्न, विकास निर्माणका कार्य संचालन गर्न, आपूर्ति प्रणालीलाई व्यवस्थित गर्न कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको कार्यलाई थप प्रभावकारी तुल्याउन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०२/२८ को निर्णयानुसार बन्दाबन्दीको बर्तमान अवस्थालाई केहि सहजिकरण गर्ने व्यवस्था बमोजिम गृह मन्त्रालयको मिति २०७७/०३/०२ को निर्णयानुसार जारी गरिएको **"बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धि सुरक्षा मापदण्ड, २०७७"** तथा यस जिल्लाको संक्रमणको अवस्था बमोजिम देहायका मापदण्डको पालना गर्ने/गराउने व्यवस्थाका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. कोभिड-१९ संक्रमणको जोखिम कायम नै रहेको हुँदा सबै नागरिकले स्वास्थ्य सम्बन्धी उच्च सतर्कता अपनाएर वा स्वयं जागरुक भएर मात्र आफ्ना नियमित काम कारबाहीहरु सञ्चालन गर्ने ।
२. अत्यावश्यक काम बाहेक आफू रहेको आवास/कार्यस्थलबाट अन्यत्र आवतजावत नगर्ने/नगराउने ।
३. आवतजावत गर्दा वा कार्यस्थलमा कार्यरत रहँदा न्युनतम २ (दुई) मिटरको सामाजिक दूरी कायम गर्ने, गराउने ।
४. तोकिएको बस्तु तथा सेवाको कारोबार गर्दा वा कार्यस्थलमा कामकाज गर्दा, सेवा प्रवाह एवं आवतजावत लगायतका कार्यमा संलग्न रहने व्यक्तिहरुले अनिवार्य रुपमा मास्क प्रयोग गर्नु पर्ने ।
५. तोकिएको सेवा प्रदायक स्थानहरु, व्यवसायीहरु आदिले आ-आफ्ना निकायहरुबाट सेवा प्रवाह गर्दा सेवा प्रदायक र सेवाग्राहीहरु (क्रेता/विक्रेता) बीचको २(दुई) मिटरको सामाजिक दूरी कायम गर्ने, गराउने, सम्भव भए सम्म सामानहरुको स्यानीटाइज गर्ने, गराउने व्यवस्था मिलाउने ।
६. विवाह, ब्रतबन्ध, मृत्यू संस्कार, चाडपर्व, पूजा पाठ, लगाएतका सामाजिक तथा साँस्कृतिक कार्यक्रमहरु गर्नै पर्ने अवस्थामा तोकिएको सामाजिक दूरीको सुनिश्चिता कायम गर्ने, गराउने र यस प्रकारका जमघटहरु १५ (पन्ध्र) जना भन्दा बढी आगन्तुक व्यक्तिहरुको भेला नहुने ।
७. अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिलाई राती १०:०० बजे देखि बिहान ५:०० बजे सम्म हिडडुल गर्न पूर्णतः निषेध गर्ने ।
८. माल सामान ढुवानी गर्ने कुनै पनि प्रकारको सवारी साधनहरुले चालक, सहचालक बाहेक अन्य कुनै पनि यात्रुहरुको ओसारपसार नगर्ने, नगराउने ।
९. उत्पादनमूलक क्रियाकलाप, उद्योग करकारखाना, भौतिक पूर्वाधार निर्माण विकास निर्माण जस्ता क्रियाकलापहरु संचालन गर्दा गराउँदा एक स्थानमा एक पटकमा १० जना भन्दा बढी व्यक्तिहरु जम्मा हुन नपाउने व्यवस्था सम्बन्धित व्यवस्थापक/निर्माणकर्ता/उद्योग/व्यवसायीले मिलाउने, सम्बन्धित कामदार/श्रमिक/कार्मचारीले पनि अनावश्यक भीडभाड नगर्ने ।
१०. जेष्ठ नागरिकहरु, दीर्घरोगी, सुत्केरी, गर्भवती महिला, १० बर्ष भन्दा कम उमेरका बालबालिका र अशक्तहरुलाई अत्यावश्यक तथा स्वास्थ्य प्रयोजनमा बाहेक आफ्नै घरमा रहन र जिल्ला भित्र उपचार हुने विरामीलाई जिल्ला भित्र उपचार गराउनु हुन अनुरोध छ ।
११. बाहिरी जिल्लाबाट विभिन्न काम गर्ने प्रयोजनमा यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुले आँफू बस्ने स्थानीय तह र जिल्ला प्रशासनको सहमतिमा परीक्षण हुने सुनिश्चित गरेर मात्र आउने व्यवस्था मिलाउनु हुन
१२. उल्लेखित सूचनाको उल्लघंन गरेमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

मितिः- ०८ आषाढ, २०७७

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रामेछाप

पत्र संख्याः- ०७६/७७
चलानी नं.:-

मितिः- २०७७/०३/०८

## सूचना

प्रस्तुत विषयमा मिति २०७६/१२/११ देखि लागू भएको बन्दाबन्दी नेपाल सरकार मन्त्रिपरिपद्को मिति २०७७/०२/२८ को निर्णयानुसार परिमार्जित अवस्थामा लागू भएको छ । २०७७ असार १ गतेबाट सरकारी, गैर सरकारी बैंक वित्तीय संस्था लगायतका कार्यालयहरु विहान ८:०० बजे देखि बेलुका ६:०० बजे सम्म दुई सिफ्टमा सञ्चालन भएका छन् । जसबाट लामो समयसम्म वन्द रहेका कार्यहरु खुल्दा कार्य चाप न्यून हुने र सामाजिक दूरी कायम गराउन सहज हुने देखिन्छ । यसै सन्दर्भमा कतिपय कार्यालय प्रमुखहरुको मोवाइल बन्द रहेको, पटक-पटक फोन गर्दा पनि कार्यालयको फोन नउठेको, सूचना अधिकारीद्धारा जिम्मेवार पूर्ण जवाफ प्राप्त नभएको भन्ने आएका गुनासो प्रति यस कार्यालयको ध्यानाकर्षण भएको छ ।

दुई सिफ्टमा सेवा प्रवाह गर्ने निर्णयानुसार कार्यालयको कार्य चाप, उपलब्ध जनशक्ति, कामको प्रकृति अनुरुप कार्यालय खोली दुई सिफ्टमा सेवा प्रवाहको व्यवस्था मिलाउने, सेवा प्रवाहको सूचना तथा सम्पर्क नं. सहित वेवसाइट अद्यावधिक गर्ने, सूचना प्रविधिको प्रयोग गरी टेलिफोन, एस.एम.एस, इमेल मार्फत सेवाग्राहीलाई कार्यालयमा आउनै पर्ने बाध्यतालाई कम गर्ने, सूचना अधिकारी नतोकिएको भए सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ६ बमोजिम सूचना अधिकारी तोकी सूचना प्रवाहको व्यवस्था मिलाउनु हुन तथा कार्यालय प्रमुखहरुले स्वंय आफ्नो, कार्यालय र सूचना अधिकारीको नम्बर सूचारु राख्ने, आएका गुनासोको शिघ्र समाधान गर्दै स्वास्थ्य सुरक्षाका मापदण्डको अवलम्बन गरी सेवा प्रवाहको व्यवस्था मिलाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

रुद्र देवी शर्मा
प्रमुख जिल्ला अधिकारी